# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## इटहरी, सुनसरी

## कोशी प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६१

प.सं.
च.नं.

**सुचना! सुचना!! सुचना!!!**

**अत्यन्त जरुरी सुचना!**

**इटहरी नगरक्षेत्र लगायत पुर्वका विभिन्न ठाँउमा ठुलो हावाहुरी आउनसक्ने भएकोले सतर्क रहन विशेष अनुरोध।**

गृह मन्त्रालय एवं जल तथा मौसम विज्ञान विभागले गराएको जानकारी अनुसार विराटनगर, इटहरी, धरान लगायतका आसपासका क्षेत्रमा आज बेलुकादेखि भोली शनिवार भरी ठुलो हावाहुरी आउने सम्भावना रहेको। हावाहुरीले रुखहरु ढल्ने, कमजोर खालका संरचना र छानाहरु उडाउने, विद्युत, इन्टरनेट एवं टेलिफोन सेवामा समेत बाधा आउन सक्छ।

हावाहुरीका कारण रुखहरु ढल्ने, कमजोर संरचनाहरु भत्किने, छानाहरु उडाउने भइ धेरै स्थानमा मानिसहरुको मृत्यू एवं घाइते भएका घटनाहरु पनि देखिएका छन्।

तसर्थ, आज मिति २०८२ चैत्र ६ गते बेलुकादेखि भोली मिति २०८२ चैत्र ७ गते शनिवारसम्म नगरबासीहरुले विशेष सावधानी अपनाउन हुन अनुरोध छ।

- जरुरी काम नपरी वाहिर ननिस्किन,
- हावाहुरी चलेका बेला झ्याल ढोका राम्ररी बन्द गर्न,
- आगोका स्रोतहरु निभाउन,
- सवारी साधन चलाइरहेको भए रोकेर सुरक्षित स्थानमा बस्न,
- भागदौड नगर्न  एवं नआत्तिन,
- टेलिफोन विजुलीको तार खम्बा मुनी नबस्न,
- लत्रिएको कुनै पनि तारलाई नछुन,

सबै नगरवासी महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौ।

हावाहूरीका कारण यहाँहरु नगरवासीलाई कहींकतै समस्या परी आपत्कालिन सहयोग चाहिएमा उपमहानगरपालिकाको ०२५५८०१०१ नम्वरमा फोन गर्नहुन वा कुनै माध्यमबाट सम्पर्क गर्नहुन वा नजिकको प्रहरी चौकीमा खवर गर्नहुन समेत उपमहानगरपालिका विशेष अनुरोध गर्दछ।

आपतको बेला उपमहानगरपालिका सदैव तपाँइहरुको साथमा छ।

**मिति: २०८२।१२।०६**

नेपाल सम्बत् ११४६

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

www.itaharimun.gov.np / email : itahari.municipality@gmail.com